# नीति तथा कार्यक्रम, २०८१

## आ.व. २०८१/८२

स्विकृत मिति : –२०८१।०३।१०

# नेचासल्यान गाउँपालिका

गाउँकार्यपालिका कार्यालय

नेचासल्यान गाउपालिकाको १५ औ सभाका आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरु,

यो सम्मानित सभामा आ.व.०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेका छौँ । नेचासल्यान गाउँपालिकाको भाग्य र भविष्य निर्माणको लागि नीति तथा कार्यक्रम आज असारको १० यस सम्मानित गाउँसभामा पेश गर्ने कार्य भइरहेको छ। नमुना गाउँपालिका निर्माणमा हामी अहोरात्रा खटिरहेका छौँ । संघीयता कार्यन्वयन संगै ३ तहका सरकारले देश सञ्चालन गरिरहेको यस परिप्रेक्ष्यमा हाम्रो गाउँपालिकाको परिवर्तनकारी विकासको समग्र खाका यसरी तय गरिएको छ ।

नेचासल्यान गाउँपालिकाको गाउँ सभाको यस गरिमामय वैठकमा गाउँपालिकाको उपाध्यक्षको हैसियतले निर्वाचित भएको तेस्रो बर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ । विक्रम संवत २०७९ साल वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई कार्यभारसम्हालेको दुई वर्ष पुरा भएको छ । यस अवधिमा गाउँपालिकाको विकास, सुव्यवस्थापन र सुशासन कायम गर्ने दिशामा महत्वपूर्ण प्रभाव पर्ने कार्यहरुको थालनी गरिएकोछ । यस कार्यमा गाउँपालिकाबासी तथा सरोकारवाला निकायहरुवाट भएको सहयोग, सहकार्य र समन्वय साथै खबरदारीको लागि हार्दिक धन्यवाद ज्ञापन गदर्छु ।

नेचासल्यान गाउँपालिकाको विकास निर्माण, सेवा प्रवाह, रुपान्तरणीय शुसासन, जनताको जीवनस्तर उक्सने कार्यक्रम, शिक्षा क्षेत्रको सुधार, कृषि र घरेलु उद्योग स्थापनाको सहायताले आन्तरिक आयबृद्धि गर्नु हाम्रो दायित्व हुनेछ। विशेष गरि यो आर्थिक बर्षमा गत आर्थिक बर्ष २०८०/८१ मा ल्याईएको शिक्षा, स्वास्थ्य, खानेपानी, खेलकुद र महिला तथा बालबालिका, बृद्धबृद्धा तर्फको नितीगत व्यवस्था कार्यन्वयनमा जोड दिइने छ ।

सूचना र प्रविधिको उच्चतम प्रयोग गरी सेवा प्रवाहलाई सहज वनाउन अनिवार्य छ। जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमावृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्ने कामलाई विशेष प्राथमिकतामा राखिएको छ । स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, खानेपानी तथा सरसफाई, विपद व्यवस्थापन, न्याय निरुपण, मानव अधिकार प्रवर्धन जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम गाउँपालिका बासी तथा सबै पेशा,व्यवसायमा आबद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा म विश्वस्त रहेको छु ।

आदरणीय सभाध्यक्षज्यू, सदस्यज्यूहरू,

## १) शिक्षा क्षेत्रको नीति कार्यक्रम:

१. शिक्षा क्षेत्रको गुणस्तर कायाम गर्नका सामुदायीक विद्यालयहरुलाई प्रविधिमैत्री बनाई आधुनिक शिक्षण सिकाइमा जोड दिईनेछ ।

२. नेचासल्यान गाउँपालिका वडा नं.२ सल्यानमा प्राविधिक धारको शिक्षालय स्थापनाको पहल गर्न ठोस कार्यको थालनी गरिने छ । कृषिमा आधारित गाउँपालिका भएकाले आधारभुत तह देखिकै पाठ्यक्रममा कृषि विषय समेट्ने गरि कार्यदल निर्माण गरि गृहकार्य अगाडी बढाउन ठोस पहल गरिने छ ।

३. विद्यालयको सिकाई उपलब्धीको स्तर बृद्धि गर्नको लागि विद्यालय व्यवस्थापन समिती, विद्यालय प्रशासन र अभिभावकको नियमित अन्तक्रिया अनिवार्य गरिने छ। विद्यालयको सिकाई वृद्धिको आधारमा विद्यालयलाई पुरस्कृत गरिने छ ।

४. विद्यालयको सर्वपक्षीय क्षेत्रको अनुगमनलाई कडाई गरिने छ । विद्यालयमा मनोशामाजीक परामर्श प्रदान गर्ने व्यवस्था गरिने छ ।

५. एक मा.वि.एक नर्स कार्यक्रम अन्तर्गत माध्यमिक विद्यालयमा विद्यार्थीको स्वास्थ्य परिक्षण व्यवस्थापनमा जोड दिइने छ ।

६. विद्यार्थीहरुको एस.इ.इ. परिक्षाको नतिजामा सुधार गर्न अतिरिक्त कक्षा सञ्चालनको लागि उचित व्यवस्थापन गरिने छ ।

७. विद्यालयको मासीक, त्रैमासीक, अर्धबार्षिक तथा बार्षिक परिक्षा प्रणालीमा एकरुपता ल्याइने छ ।

८. सबै सामुदायीक विद्यालयहरु मध्येबाट उत्कृष्ट अध्यापन गराउने, रचनात्मक, लगनशील लगायतका मापदण्डमा आधारित रहेर मुल्यांकन गरि विद्यालयलाई प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिदैप्रत्येक बर्ष कम्तीमा ३ विद्यालयलाई पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

९. यस गाउँपालिका भित्र रहेको ६ वटै माध्यामिक विद्यालयहरुमा फरक फरक किसिमका परम्परागत सिप प्रबर्धन कार्यक्रम तथा विद्यालयकृषि करेसाबारी सञ्चालनको लागि पहल गरिने छ । अन्य कार्यक्रमहरुमा चित्रा तथा डोको डाली,टपरी बनाउन सहजीकरण गरिने छ ।

१०. विद्यार्थी तथा विद्यालयको शैक्षिक सुधार गर्नका लागि अतिरिक्त क्रियाकलाप अन्तर्गतका तहगत २ भागमा विभाजन गरि १–७ /८–१२ दुई समुहमा रहने गरि चौमासीक कार्यक्रम बनाई प्रतिस्पर्धा गराइने छ साथै सो प्रतिस्पर्धाबाट बार्षिक रुपमा बढी अंक प्राप्त गर्ने विद्यालयहरुलाई पुरस्कारको व्यवस्था गरिने छ ।

११. सामुदायिक विद्यालयका छात्राहरुका लागि निशुल्क सेनेटरी प्याड प्रदानलाई निरन्तरता दिइने छ।

१२. विद्यालयमा शुद्ध पिउने पानीको सुनिश्चितता गरिने छ ।

१३. माध्यमिक विद्यालयमा नेपाल स्काउट कार्यक्रम प्रारम्भ भइसकेको र बाँकी माध्यमिक विद्यालयमा कार्यक्रम सञ्चालको लागि आवश्यक प्रबन्ध गरिने छ ।

१४. निर्माण भएको पाठ्यक्रम कार्यान्वयनको अवस्थामा रहेकोले प्रभावकारी रुपमा कार्यान्वयनमा जोड दिइने छ ।

१५. विद्यालय दिवा खाजा कार्यक्रमलाई प्रभावकारी बनाउन स्थानीय उत्पादनमा आधारित खाद्य बस्तुहरुको भुगोलमा आधारित खाजा सेटको मेनु स्वास्थ्य शाखा तथा पोषण विद्का परामर्शमा तयार गरि यसै शैक्षिक सत्रबाट लागु गरिने छ । सो अनुसार नगरि आयातित खाद्य वस्तुको प्रयोग गरेमा अनुदान रोक्का गरिने छ ।

१६. विद्यालयको पुँजीको रुपमा रहेका पुर्व विद्यार्थीहरुलाई सस्थागत आवद्धता गराउन प्रत्येक विद्यालयले पुर्व विद्यार्थी समाज गठन गरि पुर्व विद्यार्थीहरुको ज्ञान सीप क्षमता तथा पुँजीलाई विद्यालयमा जोड्न अभिप्ररित गरिने छ ।

१७. सामुदायीक विद्यालयहरुमा अभिभावकहरुको सक्रियतामा शैक्षिक सुधारकल्याणकोष स्थापना गर्न स्थानीय सरकारले सहजीकरण गर्ने छ ।

१९. **शिक्षा दिवस शिक्षकलाई अवसर** – कार्यक्रम लागु गरि शिक्षा दिवसको अवसरमा शिक्षकको प्रतिभा प्रदर्शन गर्न शिक्षकद्धरा निर्मित सामाग्री प्रदर्शनीको आयोजना गरि उत्कृष्ट शैक्षिक सामाग्री निर्माता ३ जना शिक्षकलाई पुरस्कृत गरिने । प्रदर्शनी तहगत रुपमा गरिने छ ।

२०. शिक्षक पुरस्कार तथा सम्मान कार्यक्रम:

१) तहगत प्रअ सम्मान ३ जना

२) विषयगत शिक्षक सम्मान ५ जना(यसमा कक्षा ८,एसइइ र कक्षा १२ को परिक्षाको नतिजाको आधारमा)

३) उत्कृष्ट बर्ष शिक्षक सम्मान २ जना -महिला र पुरुष) ।

❖ कार्यविधी बनाई पुरस्कार तथा सम्मान प्राप्त गर्ने शिक्षक छनौट गरिने छ ।

२१. विद्यालय प्रशासन संग समन्वय गरि महिला शिक्षिकाको स्वास्थ्य संवेदनशीलतालाई ख्याल गर्दै महिनावारी भएको पहिलो दिन आधादिन छुट्टिको व्यवस्था मिलाउन सकिने भएकाले विद्यालय व्यवस्थापन समिती, विद्यालय प्रशासन र शिअसंघ तथा अभिभावक संग समन्वय गरिने छ ।

२२. भौगोलीक रुपमा विद्यालय भन्दा टाढा रहेका विद्यार्थीहरुलाई बर्षात तथा हिउँदको समयमा हुने आवातजावतको कठिनाईलाई व्यवस्थापन गर्न गाउँपालिका, विद्यालय प्रशासन र अभिभावको समन्वयमा गर्दै प्रदेश तथा संघीय सरकार सँग छात्राबासको प्रबन्ध पहल गरिने छ ।

२३. विद्यालयमा रहेका विद्युतीय उपकरण मर्मत संभार गर्नका लागि मौजुदा शिक्षक दरबन्दीबाट हार्डवयर/सफ्टवयर प्राविधिक शिक्षकको व्यवस्था गरिने छ ।

२४. सिकाई सिपको स्थानान्तरण तथा अनुभव आदानप्रदानका लागि विषय शिक्षक संग सम्बन्धित विषयगत समिती गठन गरि शैक्षिक सुधारका निम्ति कार्यविधि मार्फत योजना तर्जुमा गरि लागु गरिने छ ।

२५. राष्ट्रपति रनिङशिल्ड हुनु अगाडि माध्यमिक विद्यालयमा खेल सप्ताहाको आयोजना गरिने छ र खेल सप्ताहामा उत्कृष्ट भएका खेलाडीहरु राष्ट्रपति रनिङशिल्डमा सहभागी हुने छन्। राष्ट्रपति रनिङशिल्ड र खेल सप्ताहाका लागि गाउँपालिकाले आर्थिक दायित्व बहनमा साझेदारीको व्यवस्था गर्ने छ ।

२६. विद्यालयमा कृयाशील **बाल ल्कबहरुको आयोजनामा फुडफेस्टिबलको** आयोजना गरि विद्यार्थीहरुमा हाम्रा परम्परागत तथा रैथाने परिकार बनाउने सिपको विकास गर्न प्रेरित गरिने छ ।

२७. विद्यार्थी मैत्री फर्निचर व्यवस्थापन गर्न फर्निचरको साइज निर्धारण गर्न तथा वाल-याक निर्माणका लागि यस बर्ष जालपा स्कुलको १ कक्षा कोठालाई गाउँपालिका तथा विद्यालयको साझेदारीमा नमुना कक्षा कोठा निर्माण गरिने छ ।

२८. गाउँकार्यपालिकाले स्वीकृत गरेको गौरबको आयोजना सगरमाथा बहुप्राविधिक शिक्षालयको बाँकी जग्गा प्राप्तिको कार्य र भौतिक पुर्वाधारका निर्माण कार्यलाई अघि बढाउन स्थानीय सरकारले पहल कदमी लिने छ ।

२९. निजामती क्षेत्रमा प्रवेश गराउन लोक सेवाको कक्षा सञ्चालनको लागी आवश्यक व्यवस्थापन गरिने छ ।

## २) स्वास्थ्य:

१. “स्वस्थ्य नागरिक-समुन्नत पालिका” नागरिकलाई सुरक्षित र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ भने बालबालिकामा देखिएको अटिजम लगायतका मानसीक रोगहरुलाई निर्मुलिकरण गर्न गर्भावस्था देखिनै गर्भवति महिलाहरुको उपचारलाई सहयोग गर्ने दातृ सस्था करुण फाउन्डेसन सँग समन्वय गरिने छ ।

२. प्राथमिक स्वास्थ्य केन्द्र सल्यानबाट आँखा, दाँत लगायतका रोगको निदानका लागि नियमित रुपमा उपचार गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

३. नेचा सामुदायिक अस्पताल गाउँपालिका मातहत प्राप्त भई आईसकेकाले यसको व्यवस्थापन र सुसन्चालनका लागि व्यवस्थापन गरि नागरिकहरुलाई स्वास्थ्य उपचारमा सहजता गरिने छ साथै सिडिपी सञ्चालनका लागि विउँपुजीको व्यवस्था गरिने छ ।

४. प्राथमिक स्वास्थ्य केन्द्र सल्यानलाई अस्पतालको रुपमा विकसित गर्न डिपिआर तयार गरि भवन निर्माणका लागि ठोस पहलकदमी लिईने छ ।

५. पालिका भित्र संचालित बर्थिङ सेण्टरको उचित व्यवस्थापन गरि त्यहीँबाटै प्रभावकारी सेवा प्रदान गरिने वातावरण मिलाईने छ ।

६. ७० बर्ष नाघेका ज्येष्ठ नागरिक, ५ बर्षमुनिका बालबालिकालाई विरामी भएको अवस्थामा ओखलढुंगा तथा सोलुखुम्बु भित्रका स्वास्थ्य संस्थामा जान एक तर्फी निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिईने छ ।

७. गम्भीर तथा आपतकालिन अवस्थाका विरामीहरुलाई गाउँपालिकाको स्वास्थ्य उपचार कोषबाट सहयोग गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

८. नेचासल्यान गाउँपालिकामै पोष्टमार्टम गर्ने/गराउने व्यवस्थाका लागि थप पहल गरिने छ भने शव बहानको व्यवस्थापनमा जोड दिइने छ ।

९. मातृ तथा नवशिशु कार्यक्रलाई थप प्रभावकारी वनाई Home delivary र मातृ तथा नवशिशु मृत्युदर शुन्यमा कायम राख्न एकतर्फि निशुल्क एम्बुलेन्स, सुत्केरी प्रोत्साहन यातायात, महिला स्वायमसेविका प्रोत्साहन लगाएतका कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. सुत्केरी पश्चात देखा पर्ने जटिलताको समयमै पहिचान गर्न तथा आमा र वच्चाको पोषण अवस्था सुद्धढ गर्न उत्तर प्रसुति घरभेट कार्यक्रम सँगै सुत्केरी पोषण कोसेली कार्यक्रमलाई निरन्तरता दिइने छ ।

११. “स्थानीय स्रोतको उपयोग स्वामित्व र सहभागीता पूर्ण खोप पालिका हाम्रो प्रतविद्धता” मुख्य अवधारणाका साथ पूर्ण खोप गाउँपालिका सुनिश्चितका लागी नियमित खोप कार्यक्रमलाई थप प्रभावकारी वनाइने छ ।

१२. पालिकाको सबै वडामा स्वास्थ्य विमा कार्यक्रम प्रभावकारी रुपमा विस्तार गरि प्रत्येक नागरीकलाई स्वास्थ्य विमामा अवद्ध गराइ प्राथमिक स्वास्थ्य केन्द्रबाट निशुल्क गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गराइनेछ ।

१३. पालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाको अभिलेख व्यवस्थित गरिनेछ ।

१४. स्वास्थ्यसेवालाई गुणस्तरीय गर्न स्वास्थ्य संस्थामा कार्यारत का.स.लाई Infection prevention तालिमको व्यवस्था मिलाइने छ ।

१५. सार्वजनिक क्षेत्रमा धुम्रपान तथा सुर्तिजन्य पदार्थको वेचविखन पूर्ण रुपमा रोक गर्न विशेष पहल गरिनेछ । सुर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमण गर्ने ऐन लाई प्रभावकारी कार्यन्वयन गर्ने प्रवन्ध मिलाइने छ ।

१६. नसर्ने तथा मानसिक रोगको प्रकोप दिनदिनै वढ्दो क्रममा भएकोले असल खानपान, जीवनशैली परिवर्तन, लगाएतका सचेतनामुलक कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

१७. पालिका भित्रका सरकारी स्वास्थ्य संस्था तथा कार्यालयमा सहजताका निम्ति सेवाग्राही आमाहरुका लागी स्तनपान कक्ष निर्माणको लागी पहल गरिने छ ।

१८. किशोरीहरुमा हुने रक्तअल्पताको रोकथाम तथा विद्यालय पोषण कार्यक्रमलाई थप प्रभावकारी वनाउन “विद्यालय संग स्वास्थ्यकर्मी कार्यक्रम” मार्फत विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्दै लगिने छ ।

१९. रेविज तथा टिटानाशको रोकथामका लागि पालिका भित्रै निशुल्क खोप उपलव्ध गराइने छ ।

२०. पालिका भित्र सञ्चालित प्राथमिक स्वस्थ्य केन्द्र दोदी र गाउँपालिकाद्धरा प्रस्तावित नेचा अस्पतालमा आर्थिक कारोबार सहित अन्य विवरणको अनिवार्य रुपमा अनलाइन प्रविधि मार्फत आम्दानीको पारदर्शिता गरिने छ ।साथैनिशुल्क रुपमा उपलव्ध हुने ९८ प्रकारका औषधीको कमि हुन नदिन तथा गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितका लागी विशेष पहल गरिनेछ ।

२१. “पालिकासँग जेष्ठ नागरिक” कार्यक्रम अन्तर्गत जेष्ठ नागरिकको घर घरमा स्वास्थ्य परिक्षणको कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२२. स्वास्थ्य सुरक्षा र वहुक्षेत्रीय पोषण कार्यक्रम प्रवर्द्धनका लागि सुनौलो हजार दिन आमा केन्द्रित विउविजन तथा टनेल आमा सक्रियता र आवश्यकताको आधारमा वितरण गरिनेछ ।

२३. प्रत्येक वडाका दलित,लोपोन्मुख जनजातीलाई स्वस्थ्य विमाको व्यवस्था गरिने छ साथै गाउँपालिकामा स्वस्थ्य सँग सम्बन्धित आर्थिक सहायताका आवेदकलाई समेत स्वस्थ्य विमामा आवद्धता गराइने छ ।

## ३) कृषि तथा पशुपालनः

१. व्यवशायीक कृषिलाई बढावा दिँदै कृषकले उत्पादन गरेको उपज बजारसम्म पुऱ्याउन र बजारीकरणका लागि गठित कृषि सहकारीको काम र सेवा क्षेत्र विस्तार गरि कृषकलाई आत्मा निर्भरता तर्फ उन्मुख गराईनेछ ।

२. आ.व.२०८०/८१ बाट संचालनमा ल्याईएको कृषि एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाई उत्पादित उपजहरुलाई बजारसम्म पुऱ्याउने कामलाई निरन्तरता दिईनेछ । साथै कृषि क्षेत्रबाट उत्पादित कृषि उपजको तथ्याङ संकलन गर्दै आयातीत बस्तु र निर्यात गरिने उपचको समेत तथ्याङक राखिने छ। सोही अनुरुप योजना बनाईने छ ।

३. तोरीतेलमा आत्मनिर्भर बनाउन तोरी खेती गर्न प्रोत्साहन गर्दै निःशुल्क रुपमा स्थानीय जातका बिउ वितरण, प्राविधिक सहयोग समेत प्रदान गरि तेल पेल्न एक वडा एक तोरी मिल व्यवस्थापन गर्ने निती अनुसार यो आर्थिक बर्षमा सल्यान क्षेत्र र नेचा क्षेत्रमा दुई वटा र आवश्यकताको आधारमा थप गर्दै लान ठोस पहल गरिने छ ।

४. पालिकामा स्थानीय कृषि उत्पादन बृद्धि गर्दै पालिकाको नाकाहरुमा आत्मनिर्भर भएका कृषिजन्य बस्तुलाई वैज्ञानिक कर प्रणालीलागूगरिने छ ।कृषि उपज र पशुजन्य आयातलाई क्रमशः न्युनिकरण र स्थानीय अर्गानिक उत्पादन तथा प्रयोगमा जोड दिइने कार्यक्रम यो बर्ष देखि लागु गरिने छ ।

५. सरोकारवालाहरुसंग बृहत छलफल गरि कृषिजन्य वस्तुको लागत मुल्य (समर्थन मुल्य) निर्धारण गरि लागू गरिनेछ ।

६. कृषि बालीमा लाग्ने रोग किराहरुको रोकथाम तथा निदान, खेती प्रविधिको बारेमा जानकारी र पशुचौपायाहरुमा लाग्ने रोगहरुको उपचारका लागि टोलटोलमा कृषि जेटिए र पशु चिकित्सक खटाउने कार्यलाई निरन्तरता दिईनेछ ।

७. वैदेशिक रोजगारबाट फर्किएर गाउँमै व्यवशायीक रुपमा कृषि तथा पशुपालन गर्न चाहानेहरुका लागि छुट्टै प्रोत्साहन कार्यक्रम लागु गरिनेछ भनेकृषकहरुलाई कृषि अनुदानको समुचित प्रबन्ध गर्दै नगदेबालि खेतिलाई बढावागरिने छ ।

८. कृषकहरुले परम्परागत रुपमा लगाएका पुराना आँपका बोटहरु हटाउन चाहेमा पालिकाले अुदानमा नयाँ प्रजातिको अम्रपालि लगायतको उन्नत जातको अन्य आँप तथा एभोकाडो (घिउ फल) विरुवा उपलब्ध गराईने छ ।

९. निर्माण गरिएको आलुचिस्यान भण्डारण केन्द्रलाई थपपूर्णता दिदै सञ्चालन तथा व्यवस्थापनको प्रबन्ध गरिने छ ।

१०. महिलाहरुलाई आर्थिक रुपमा सक्षम बनाउनका लागि यस अघि महिला तथा महिला समुहहरुलाई प्रदन गरिएको सिपको स्तरोन्नती तालिम, सार्थ कृषि महिला समुहहरुलाई आँपको अचार बनाउने, फलफुहरुलाई प्रसोधन गरि जाम तथा जुस बनाउने सीप प्रदान गरि आत्मनिर्भर बनाउन थप कार्यक्रम ल्याइने छ ।

११. पालिकाको तुईण्टार क्षेत्रमा मरिच उत्पादनको हब बनाउनका लागि बिशेष प्याकेज ल्याई मरिचमा पालिकालाई आत्मानिर्भर बनाईनेछ । साथै भुगोल अनुसारको अन्य जडिबुटिको टिम्बुर, चिराइतो, मसल तथा खाद्य वस्तुको उत्पादनमा प्रोत्साहित गरिने छ ।

१२. पशुपालनलाई ब्यवशायीक बनाउन कृत्रिम गर्भाधारण कार्यक्रमलाई लागु गरि पशु नश्ल सुधार गराईनेछ भने ब्यवशायीक रुपमा खसि बोका, बंगुर पालनमा प्रोत्साहान गरिने छ ।

१३. पालिकालाई अण्डा, माछा र मासुमा थप आत्मनिर्भर बनाउन स्थानीय तह, प्रदेश र केन्द्र सरकारसँगको समन्वयमा माछापालन, भेडा, राँगा, बाखा, बंगुर पालन, कुखुरा र कालिज फर्महरु संचालन गर्न अनुदानको व्यवस्थाका लागि पहल गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

१४. एक कृषक परिवारले बाखा पालनमा न्यूनतम १२ वटा वा माउबंगुर ५ वा ३ वटा दुहुना भैसी र १ हल गोरु पालन गर्नेलाई उचित प्रोत्साहन दिने कार्यलाई निरन्तता दिइने छ ।

१५. रैथाने जातको विउबिजन संकलन गरि कृषि शाखाबाट वितरणको कार्यलाई कार्यान्वयन गरिने छ । आयातित विउँ विजनलाई निरुत्साहित गर्दै लगिने छ ।

१६. परम्परागत कृषिलाई यान्त्रीकरण गरी व्यवसायीक बनाउन विभिन्न वडाहरुमा लागत साँझेदारीमा आधारित हाते ट्रयाक्टर, गहुँ कुट्ने मेसिन र मकै छोड्याउने मेसिन वितरण गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

१७. कृषि तथा पशुपालन ब्यावसायलाई प्रतिस्पर्धात्मक र उत्पादनमुलक बनाउनको लागि बृहत कृषिमेला प्रदर्शन गरि उत्कृष्ट पचास (५०) जना कृषकलाई प्रोत्साहन स्वरुप नगद पुरस्कार प्रदान गरिने भने कृषि अनुदानमा पनि प्राथमिक्ता दिईने छ ।

१८. हाल पालिकाबाट निर्यात भइरहेको खसी र बंगुरको सख्यामा बृद्धि गर्न पशुपालन गर्ने कृषकहरुलाई बढावा दिनको लागि दाना बनाउने मेसीन लागत साझेदारीमा उपलब्ध गराउन पहल गरिने छ ।

१९. नेचासल्यानको सबै वडाको कफि खेतीलाई व्यवसायीक रुपले अघि बढाउने योजना अघि सारिने छ ।

२०. उत्कृष्ट कृषक सम्मान नितीलाई निरन्तरता दिदै कार्यविधिको आधारमा सम्मान गरिने छ ।

२१. नगदे बालीलाई बढावा दिइने छ भने बर्खे तथा हिउँदे फलफल सुन्तला र कागतीको रोपणको कार्यलाई निरन्तरता दिइने छ ।

२२. जैविक मल तथा जैविक किटनाशक औषधिको उत्पादन तथा प्रयोगलाई निरन्ता दिइने छ ।

२३. एक वडा एक उत्पादन कार्यक्रमलाई अझ प्रभावकारी रुपमा सञ्चालनमा ल्याइने छ ।

२४. एक घर एक पशु बिमा र कृषि बाली बिमा कार्यक्रम सञ्चालन गर्न सम्बन्धित विमा कम्पनी संग समन्वय गरिने छ । बिमा गर्न गाउँपालिकाले साझेदारीको व्यवस्था कार्यविधी मार्फत गरिने छ ।

२५. नेचासल्यान कोशेली घर सञ्नचालन गरि स्थानीय उत्पादनको बजारीकरणको प्रबर्धन गरिने छ । साथै पालिकामा उत्पादित अटेमार्सीलाई ब्राण्डीङ गरिने छ ।

२६. यस गाउँपालिका भित्र पालिका र ग्रामीण विकास सस्थाको समन्वयमा वडा नम्बर ४ को थुम्कीमा सञ्चालित फलफुल नर्सरी र विउँ जालपा महिला विउँबिजन भण्डारण केन्द्रको सञ्चालनमा निरन्तरता दिइने छ ।

## ४) भौतिक पूर्वाधार विकास (भवन, सडक, यातायात)

१. गाउँपालिकाको प्रशासनिक भवन निर्माणको कामलाई पुर्णता दिईनेछ भने निर्माणाधिन क्रममा रहेका वडा कार्यालय भवनहरुलाई पूर्णता दिने गरि ठोस पहलकदमि लिईनेछ ।

२. कम लागतमा कार्यसम्पादनका लागि रोलर खरिद गरि ग्रामिण सडकहरुलाई १२ महिनानै चल्ने गरि स्तरोन्नतीको कामलाई तिब्रता दिईनेछ ।

३. सडकहरुलाई प्रयोग र उपयोगिताको आधारमा प्राथमिकिकरण गरि पालिका स्तरीय, वडा स्तरीय र टोल स्तरीय सडकमा बर्गिकरण गरि स्तरउन्नति गरिँदै लगिनेछ ।

४. पालिकालाई कार्यक्षेत्र बनाई दर्ता भएका संघ सस्थाले न्युनतम २ रोपनी जग्गा, कार्यक्षेत्रको प्रकृति हेरी सदस्य सख्या, सस्था सञ्चालनको निश्चित आर्थिक श्रोत र उदेश्यको किटान हेरेर मात्रै स्थानीय सरकारले लगानी गर्ने छ । त्यस्ता सस्थाले निर्माण गर्ने भवनहरुमा उपभोक्ताहरुको न्युनतम ३० प्रतिशत लागत साझेदारीको अनिवार्य सुनिश्चितता हुनु पर्ने छ ।

५. संघ, प्रदेश र स्थानीय सरकारको तर्फबाट पालिकामा सञ्चालित सबै योजनाको प्रभावकारी अनुगमन गरिने छ भने स्थानीय सरकार संग समन्वय नगरि पालिकामा कुनै योजना सञ्चालनमा रोक लगाइने छ ।

६. नेचासल्यान गाउँपालिकाको चुर्पु बरडाडा गैरीसडक खण्ड, तिंला खाल्पा दोदी छिलापातल देखि राधाकृष्ण मन्दिर हुदै तुइन्टार सडक खण्डलाई कालोपत्रे गर्न पहल गरिने छ साथै संघीय सरकारको अनुदानमा सञ्चालित माथिल्लो बिप्लेटे गैरी,ख्याम्पु,विपि छेउ हुँदै ठुल्ढुंगा पञ्चन, वाक्तिम जुबु ऐसेलुखर्क सम्मको सडकको पहिलो प्याकेजको पूर्वाधार निर्माण गरि कालोपत्रेको लागि संघ सरकारसँग समन्वगरि तिब्रता दिइने छ ।

७. छितापाल ख्याम्पु सिमखर्क, लेब्लु हिले गौरीटाप खडकखण्डको स्तरोन्ती गर्दै लगिने छ ।

८. नेचासल्यानको १ को खहरे खोलामा मोटरेबल पुल निर्माणका लागि डिपिआर तयार गरी प्रदेश सरकारसँग योजना मागको समन्वय गरिने छ ।

९. स्थानीय सरकारको अधिकारक्षेत्रभित्र रहेको सरकारी जग्गा तथा सम्पत्तिको संरक्षणमा जोड दिइने छ ।

१०. पालिका भित्र परम्परागत रुपमा रहेका घाटहरुको आवश्यकताका आधारमा संम्रचना निर्माण, व्यवस्थापन गर्दै मलामी विश्राम ग्रृहको निर्माण सम्पन्न गर्न पहल गरिने छ ।

११. किराँतीहरुको मृत्यु पछि राखिने चिहानले थोरै जग्गा भएका घरपरिवारको जमिन मासिने, घरघरेडीनै नपुग्ने स्थिती आउन सक्ने कुरालाई नजरअन्दान गरि सामुहीक चिहानको अवधारण बनाई व्यवस्थापन तथा कार्यान्वयन गर्न सरोकारवालाहरु सँग समन्वय गरि अघि बढाइने छ ।

१२. इलाका प्रहरी कार्यालय नेचालाई आवश्यक पर्ने जग्गा थप व्यवस्थापनको लागि सरोकारवाला व्यक्तिहरु संग आवश्यक पहल गरिने छ ।

## ५) शहरी विकास:

१. गाउँपालिका क्षेत्रभित्र क्रमागत रुपमा रहेका बिभिन्न संस्थागत भौतिक संरचनाहरुको निर्माण कार्यलाई पुर्णता दिन  निरन्तरता दिइनेछ ।

२. विहिबारे बजार, बुधबारे बजार जस्ता परम्परागत बजार बस्ने ठाउँलाई बजारीकरण तथा शहरीकरण गर्दै सेवा सुविधायुक्त स्मार्ट भिलेजको रुपमा विकासका निम्ती पहल गर्ने नितीलाई आत्मासात गरिने छ ।

३. ट्र्याक ओपन भएको सडकका निर्धारित मापदण्ड पुरा गरी जग्गाको लगत कट्टा गर्ने कार्य थालनी गरिने छ । साथै सडकको दाँया बाँया सम्रचना निर्माण गर्दा कडाईका साथ मापदण्ड लागु गर्न जोड दिइने छ ।

४. पालिका भित्र सञ्चालित तथा पुर्णता नभएका संघीय सरकारका योजनाहरु जस्तै सल्यान र नेचा क्षेत्रमा सञ्चालित लिफ्टिङका योजनालाई पुर्णता दिन समन्वयत्मक भुमिका निर्बाह गरिने छ ।

५. बिहिबारे बजार क्षेत्रमा ढल निकासको कार्यलाई प्राथमिकताका साथ व्यवस्थित गरिनेछ ।

६. बुधबारे बजार क्षेत्रको व्यवस्थापनलाई पुर्णता दिइने छ ।

७. सफा र सुन्दर बजार निर्माण गर्न बजार क्षेत्रको फोहार मैलाको उचित व्यवस्थापन गरिने छ । जसको लागि व्यवसायी र घरधनीलाई पालिकामा सुचिकृत गराई फोहोर शुल्क लिइने छ ।

८. बुधबारे, विहिबारे र अन्य मुख्य स्थानहरुका विद्युत प्राधिकरण सँग समन्वय गरि विद्युतिकरणको व्यवस्थापन गरिने छ ।

## ६) सस्कृति तथा पर्यटन:

१. नेचासल्यान गाउँपालिका भित्र विस्तृत परियोजना प्रस्तावना (डिपिआर) निर्माण भएका जमरकटेल सेवा प्रतिष्ठान नेपालद्वरा निर्माण प्रस्ताविक ***भारद्वाज ऋषि आश्रम एकिकृत विकास परियोजना,*** देउपुजेमा निर्माणाधिन थुलुङ सास्कृति संग्राहालय, सिमखर्कमा निर्मित कसुम थुदेन गुम्बा, गैरी क्षेत्रमा निर्मित सुनौलो विहानी नेवार एकता समाज संग्राहालय र चोमोलुङमा छोलिङ गुम्बा, सिरानदेलमा निर्मित थुलुङ सामा भवन, वडा नम्बर ३ को बाहिङ मुलिखीम, निरौला बन्धुहरुको ***भारद्वाज ऋषि आश्रम,*** वडा नम्बर १ को कुन्ता देवि मन्दिर वडा नम्बर २ को सिद्ध डाँडा, सामुदायीन भवन विपी छेउ र, वेतघारीलाई समुदाय सरकार साझेदारीका गौरबको आयोजनको रुपमा विकास गरिने छ ।

२. नेचासल्यान गाउँपालिकामा समुदायद्धारा निर्माणाधिन तथा निर्माण प्रस्तावित पुर्वाधार विकासका लागि दातृ निकायहरुको लागनी सुनिश्चित हुने भएमा स्थानीय सरकारको समेत साझेदारी तथा सहजीकरणको दायित्व लिने व्यवस्था गरिने छ ।

३. यस अघि तयार गरिएको पर्यटन गुरुयोजनालाई आवश्यकताको आधारमा परिमार्जन गरि गाउँपालिका भित्रका विभिन्न स्थानहरु, तुइन्टार, फुर्के जम्दीपार्क, चिसापानी गैरी, आहाले, भेडिखोर काँचोपाते, गौरीटाप हुदै पिके जोड्ने माथिल्लो पर्यटन पदमार्ग र तुइन्टार, चर्पु, बिहिबारे, ठाँटीडाडा सल्यान हुदै थुलुङ दुधकोशीको देउसा बुडीडाँडा हुँदै सगरमाथा जोड्ने तल्लो पर्यटन पदमार्गको संचालनका लागि पहल गरिने छ । साथै नेचासल्यान गाउँपालिकाको अर्थतन्त्रलाई प्रभाव पार्न सक्ने रमणीय स्थल गौरीटाप आहालेक्षेत्रलाई केन्द्रीत गरि गत आर्थिक बर्षमा डिपिआर गरिएकाले सोही अनुसारको सम्रचना निर्माण गर्न पहल गरिने छ ।

४. नेचासल्यान गाउँपालिका भित्र नयाँ घर निर्माण गर्दा ग्रामिण मौलिकता झल्किने किसिमका घरहरु बनाउन प्रोत्साहित गर्ने नितीलाई निरन्तरता दिइने छ । ग्रामिण मौलिकता झल्कने घर तथा भवनको डिजाइन, नक्सा पास पालिकाले तयार गर्ने गरि निर्माणका लागि प्रेरित गर्ने छ ।

५. नेचासल्यान गाउँपालिका भित्रको भाषिक, जातीय तथा सांस्कृतिक विविधताको संरक्षण गरि मौलिक संस्कार र संस्कृतिलाई पर्यटन सँग जोडिनेछ। विभिन्न जात जातीहरुको भाषा धर्म, सस्कार सस्कृति भेषभुषाको जर्गेना गर्दै सांस्कृतिक पुरातात्विक संग्रहालय निर्माण कार्यको थालनी गरी पर्यटकीय व्यवसायको सुरुवात गरिने छ।

६. शैक्षिक पर्यटन, धार्मिक/सांस्कृतिक पर्यटनको यथोचित विकास गर्दै यस गाउँपालिकालाई अध्ययन केन्द्रको रुपमा विकास गर्न पहल गरिनेछ।

७. गाउँपालिकाको फुर्केमा लागत साझेदारीमा आधारित रहेर जीपलाईन निर्माणको संभाव्यता अध्ययनको कार्य थालनी गर्न पहल गरिने छ। सो क्षेत्रमा होटल गर्न चाहाने इच्छुक व्यवयासीलाई प्रक्रिया पुर्‍याई सञ्चालन अनुमती दिन कार्यविधि तय गरिने छ।

८. नेचासल्यानको थामडाँडा औद्योगीक क्षेत्रको स्थापना, सञ्चालन तथा व्यवस्थापनको लागीनिरन्तर पहल गरिनेछ।

९. नेचासल्यान ४ को पोखरे स्थित हावा आउने ओडारको संरक्षणको व्यवस्था गरिनेछ।

१०. पर्यटन प्रबर्धनका लागि होम स्टेकोको व्यवस्थापन गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ।

११. नेचासल्यान गाउँपालिकाको पर्यटन प्रबर्धनका लागि नेचाविहिबारे बजार, हावा आउने ओडार, तुइन्टार, न्याउले डाडा, माङहिम पार्क, सुकेपाखरी गुफा, केशरी, गैरी आहाले, सिमखर्क, भेडिखोर, टुहरे गौरीटाप सम्मको पदयात्राको आयोजना गरिने छ।

१२. नेचासल्यानको बुधबारे र बिहिबारे बजार क्षेत्रमा रैथाने, अर्गानीक खाना खाजा निर्माण गर्ने होटलको सञ्चालन तथा व्यवस्थापन गर्नेलाई आवश्यक प्रोत्साहान गर्न सकिने छ।

## ७) खानेपानी तथा सरसफाईः

१. प्रत्येक घरमा स्वच्छ पिउने पानीको प्रबन्ध गर्न बृहत र ब्यवस्थित योजना संचालन गर्ने निती अन्तर्गत यस आर्थिक बर्षमा पनि यस कार्यलाई निरन्तता दिदै स्थानीय पानीको मुहान संरक्षण तथा व्यवस्थापनको लागि कार्य अघि बढाइ एक घर एक धारालाई सार्थकता दिइने छ।

२. पृथ्वी र प्रकृति साझा हो सबैले संरक्षण गर्नु र सफा राख्नु कर्तव्य हो। आफुले प्रयोग गर्ने प्लाष्टिक प्लाष्टिकजन्य सामाग्रीको प्रयोग पछि जथाभावी फाल्न निषेध गरिने छ।

३. फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ साईडलाई थप ब्यवस्थीत गरिपालिका भित्रका मुख्य बजार/टोलबाट फोहोर संकलनलाई निरन्तरता दिदैफोहोरको दिगो व्यवस्थापनका लागि नागरिक, टोलसुधार समितिलाई सक्रिय कार्यको सुरुवात गराइने छ।

४. गाउँपालिकालाई सिसा/वोतलमुक्त बनाई सफा पालिका निर्माणको अभियानलाई निरन्तरता दिईने छ।

५. बजार क्षेत्रका प्रत्येक घर होटल पसल र घरधनीले फोहोरलाई बर्गिकरण गरि कुहीने र नकुहीने छुट्टा छुट्टै रुपमा राख्नु पर्नेछ। फोहोर संकलन गरि डम्पीङ साइडमा व्यवस्थापनलाई निरन्तरता दिइने छ।

६. गाउँपालिकालाई अर्थतन्त्रमा टेवा पुर्‍याउने उदेश्यले पिउने पानीको संभाव्यता भएको क्षेत्र पहिचान गरि पानी प्रशोधन उद्योगको रुपमा सञ्चालन गरि वितरण तथा विस्तारगर्न पहल गरिने छ।

## ८) ऊर्जा तथा सिँचाइः

१. हाम्रो पालिका उज्यालो पालीका बनाउने अभियानलाई सार्थक बनाउन नेपाल विद्युत प्राधिकारणको राष्ट्रिय लाईनलाई सबै तिर व्यवस्थित रुपमा विस्तार गर्न समन्वय गरिने छ ।

२. तुइन्टार लघुजलविद्युत आयोजनको व्यवस्थापनलाई पारदर्शि गरि बैकल्पीक उर्जा प्रवर्दन केन्द्र संग समन्वय गरि राष्ट्रिय प्रसारण लाइनमा जोड्न पहल गरिने छ ।

३. पुरानो कुला, पानी मुहानको संरक्षण तथा संवर्द्धन गर्दै सिंचाईको व्यवस्थापन र सञ्चालनका लागि डिभिजन कार्यालय, संघ र प्रदेश सरकार संग निरन्तर समन्वय गरिने छ ।

४. एकल महिला, एकल पुरुष, विपन्न, दलित, घर परिवारका व्यक्तीलाई घरायसी विद्युतीय उपकरणहरु जडानका लागी दिइदै आएको सहयोगलाई निरन्तरता दिइनेछ ।

५. साना तथा घरेलु उद्योग, कृषि तथा पशुपालन गर्ने कृषक, समुह तथा फर्मलाई कार्यविधी बनाई विद्यूत महसुलमा सहुलीयतको व्यवस्था गरिनेछ ।

६. सिंचाई सुविधा विस्तार गर्नका लागि आवश्कताका आधारमा क्षेत्र छनौट गरि योजना सञ्चालन गरिनेछ । सिचाइ योजना छनौट गर्दा सवै वडा समेटिने, वाली विविधीकरण, व्यवसायीकरणलाई ध्यान दिइनेछ ।

## ९) सूचना, सञ्चार तथा प्रविधिः

१. गाउँपालिकालाई सूचना, संचार र ईन्टरनेटको प्रभावकारी व्यवस्थापन मार्फत प्रविधि मैत्री बनाउँदै सेवा प्रवाहमा सहजता ल्याईनेछ भने सूचना प्रवाह र पारदर्शीता मार्फत पालिकालाई शुसासनमा अब्बल बनाईने छ ।

२. पालिकाका नागरिकलाई सेवा लिन सहजताका लागि एआई प्रविधिमा आधारित च्याटबट एप्लिकेशनको प्रयोग गरि सहज रुपमा नागरिक बडापत्र जनतालाई उपलब्ध गराईनेछ ।

३. गाउँपालिकाका हरेक वडाकेन्द्र र सार्वजनिक मुख्य स्थानमा फ्रि वाईफाई जोनको ब्यवस्था गरिएकोमा उक्त सेवालाई निरन्तरता दिईने छ ।

४. जिल्लामा सञ्चालनमा रहेका सञ्चारमाध्यमलाई आत्मनिर्भर र समृद्ध बनाउन विशेष प्याकेज सञ्चालन गरिनेछ भने छुट्टै संचार निति तथा कार्यविधि निर्माण गरि लागु गरिने छ । यस क्षेत्रका सञ्चारकर्मी र पत्रकारको ब्यवशायीक विकास र दक्षता अभिबृद्धिका लागि क्षमता विकास तालिमहरु सञ्चालन गरिनेछ ।

५. जनतालाई सूचनाको सहज पहुँचमा ल्याउन पारदर्शीता कायम गर्दै शुसासन प्रबर्धनमा टेवा पु-याउन सञ्चार माध्यम मार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

६. शान्ति सुरक्षा निगरानीलाई सहज बनाउन बजार तथा सार्वजनिक क्षेत्रमा सिसि क्यामेराको थप व्यवस्थापन गर्न पहल गरिने छ ।

## १०) वन तथा वातावरणः

१. यस गाउँपालिका भित्र रहेका सबै सामुदायीक वनलाई पालिमा सूचिकृत गराई करको दायरमा ल्याउन ल्याइनेछ ।

२. वातावरण स्वच्छ राख्न प्रत्यक सामुदीक बनमा बार्षिक वृक्षारोपण गर्न पालिकाले सहजीकरण गर्ने छ ।

३. खेतीयोग्य जमिनको साँधमा छेउछाउ ३/३ मिटर दाँया बाँयाको रुख सम्बन्धित जग्गाधनीले काटछाट गरि उर्बरभुमीलाई अनुकल वातावरण तय गर्न नितीगत व्यवस्था गरिने छ ।

४. बन्यजन्तुको कारण खेतीयोग्य जमिन बाँझै रहन गएकाले बाझो जमिनलाई उत्पादन संग जोड्न सकिने भुगोल अनुसारको कार्यक्रम तय गरि लागु गरिने छ ।

## ११) सुशासन तथा सेवा प्रवाहः

१. गाउँपालिकाबासीको जीवनयापनलाई सहज बनाउन सिप विकास र रोजगारीका अवसरहरु सिर्जनागर्ने खाद्य सुरक्षा तथा पोषण, स्वस्थ जीवन, गुणस्तरीय शिक्षा, लैङ्गिक समानता र समाबेशीकरण,खानेपानीका उपलब्धताको सुनिश्चितता गर्ने किसिमका कार्यक्रमहरु तर्जुमा गरी सञ्चालनमा ल्याइनेछ ।

२. योजना तर्जुमा, बजेट विनियोजन, कार्यान्वयन तथा अनुगमन एवं मुल्याङ्कनमा प्रविधि र प्राविधिकको अधिकतमप्रयोग गरी नतिजामुखी पूँजीगत खर्चमा वृद्धि गरिनेछ।विकासमा सबै सरोकारवालाहरूको संलग्नताको सुनिश्चितता, कार्यक्रममा दोहोरोपनाकोअन्त्य, योजनाकार्यान्वयनमा पारदर्शिता तथा लागत प्रतिफल विश्लेषण, स्थानीय सेवा प्रवाहका लागि सक्षम, पारदर्शी र उत्तरदायी संयन्त्र निर्माणका साथै सुशासन कायाम गर्न पहल गरिने छ ।

३. स्थानीय सरकारलाई पारदर्शी, जवाफदेही, जनताप्रति उत्तरदायी बनाउँदै चौमासीकमा सार्वजनिक सुनुवाई कार्यक्रमलाई अनिवार्य गरिने छ। आमसंचार माध्यम मार्फत नियमित कार्यक्रमहरु संचालन गर्दै शुसासनको प्रबर्धनलाई निरन्तरता दिइने छ ।

४. स्थानीय नागरिकलाई गाउँपालिकाको समग्र विकास निर्माण र सेवा प्रवाह बारेमा जानकारी पुऱ्याउनका लागि जिल्लाका एफ.एम.स्टेशनहरुबाट साप्ताहिक रुपमा रेडियो कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ ।

५. जनप्रतिनिधी, कर्मचारीहरुको क्षमता विकास गर्न प्रोत्साहन तथा पुनर्ताजगी तालिमहरुको व्यवस्था गरिनेछ ।

६. पालिका स्तरीय विषयगत समितिमा सम्बन्धित विषयगत समितिका सदस्य साथै पालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतको अनिवार्य सहभागिताको सुनिश्चितता गरिनेछ ।

७. योजना बैंकको व्यवस्थालाई निरन्तता दिइने छ। बस्तिस्तरबाट छनौट तथा वडा सिमितिबाट प्राथमिकिकरण भई पेश हुन आएका योजना/कार्यक्रमहरु मध्ये निश्चित श्रोतका कारण सम्बोधन हुन नसकेका योजनाहरुलाई प्राथमिकता अनुसार अगाडी बढाउने निती अबलम्बन गरिने छ ।

८. विनीयोजीत योजना पहिलो चौमासीकमा रकमान्तर गर्न न्युनिकरण गरिनेछ । योजना तथा कार्यक्रम आर्थिक बर्षको चैत्र मसान्त सम्ममा अनिवार्य सम्पन्न गर्नुपर्नेछ । उक्त समय अवधिमा सम्पन्न नगरेमा तत्कालको कार्यपालिका बैठकले उक्त योजनाको रकम योजना बैकमा रहेका योजना/कार्यक्रममा रकमान्तर गरि संचालन गरिनेछ ।

९. नेचासल्यान गाउँपालिकालाई कार्यक्षेत्र बनाई कार्य गर्न आउने विज्ञ, समुह, राष्टिय तथा अन्तराष्ट्रिय संघ सस्थालाई अनिवार्य रुपमा गाउँपालिकामा दर्ता/सूचिकृत गराई कार्यसञ्चालन अनुमती प्रदान गरिनेछ ।

१०. सामाजिक तथा सास्कृतिक पर्व एवं उत्सबमा प्रयोग गरिने विद्युतीय डिभाइसको प्रयोगबाट उत्पन्न हुने ध्वानी नियन्त्रण लागि सम्बन्धित पक्षसँग स्थानीय सरकारले समन्वय गरि व्यवस्थित गरिने छ ।

११. खण्डीकृति तथ्याङ्क संकलन गरि सोही तथ्याङ्कको आधारमा आगामी निती कार्यक्रको तय गरिने छ ।

## १२) महिला,वालवालिका जेष्ठ नागरिक तथा अपांग:

### महिला:

१. एकलमहिला तथा पुरुषलाई संगठीत गराई सिप तथा क्षमता अभिवृद्धि गरि आत्मनिर्भरता तर्फ उन्मुख गराइने छ ।

२. स्थानीय सस्कृतीहरुको संरक्षण गर्दै महिलाहरु सशक्तीकरणको बाटो तर्फ अग्रसर गराईने छ ।

३. घरेलु हिंसा तथा महिला विरुद्ध हुने जुनसुकै प्रकारका हिंसा अन्त्य गर्न सुरक्षा निकाय तथा अन्य सार्वजनिक सरकोरावाहरुसँगको समन्वयमा चेतनामुलक कार्यक्रम संचालन गरिनेछ साथै पिडितको उद्धार र न्याय निरुपणका लागि पालिकको महिला शाखाको समन्वयमा सुरक्षा निकाय र सरोकारवाला सम्मिलित क्विक रेस्पोन्स टिमलाई परिचालन गरिने छ ।

४. समता सहितको समानता तथा सामाजिक समावेशिकरणको प्रत्याभुतिका लागि लैङ्गिक तथा सामाजिक विभेदिकरणलाई अन्त्य गर्न निजी क्षेत्र तथा गैर-सरकारी संस्थाहरूसँग समेत सहकार्य गरिनेछ ।

५. महिला समूहहरुलाई क्षमता अभिवृद्धि तालिमको आयोजना गरि अर्थोपार्जन हुने सिप प्रदान गर्ने कार्यक्रमको तय गरिने छ ।

६. किशोरीहरुलाई बालविबाह तथा प्रजनन स्वस्थ्य सम्बन्धि जनचेतनामुलक कार्यक्रम गरि सचेतना अपनाउन सकिने कार्यक्रम तय गरि लागु गरिने छ ।

७. महिला हक अधिकार सम्बन्धि विभिन्न कार्यक्रम,तालिम तथा अभियानहरु सञ्चालन गरि जनचेतना बढाइने छ ।

८. सुरक्षित मातृत्व र पाठेघर सम्बन्धि रोगको रोकथामका लागि उयपुक्त खोप कार्यक्रम र शिविरको व्यवस्थापन गरिनेछ । शिविरमा पहिचान भई रिफर भएका महिलाहरुलाई यातायात खर्च उपलब्ध गराइने छ ।

९. आदिबासी जनजाती महिला,दलित महिलाहरुलाई आत्मनिर्भर तथा आयाआर्जन कार्यक्रमका लागि गाउँपालिकाबाट साझेदारीमा कार्यक्रमको व्यवस्था गर्न सकिने छ ।

### बालबालिका:

१. बालिका बचत खाता कार्यक्रमलाइ निरन्तरता दिदै बालिका बचत खातामा २ हजार प्रदान गरिएको आगामी आर्थिक बर्ष देखि १ हजार थप गरि हजार दिने निती तय गरिएको छ ।

२. पालिका भित्रकाबालबालिकाहरुको क्षमता प्रस्फुटित गराउनका लागि वडा तथा पालिका स्तरीय बालसंजाल क्षमता अभिबृद्धि कार्यक्रम संचालनमा जोड दिइनेछ ।

३. विद्यालय भर्ना नभएका बालबालिकालाई विद्यालय भर्ना गराई अध्ययन गराउन र विद्यायलय छोड्ने बालबालिकालाई समुदाय साझेदारीमा विशेष अभियान संचालनलाई निरन्तरता दिइने छ ।

४. किशोरीहरुको आत्मरक्षाका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ ।

५. बालश्रम मुक्त पालिका निर्माणका लागि ठोस कार्यको थालनी पहल गरिने छ ।

६. आर्थिक अवस्था कमजोर भएका बालबालिका लाई विद्यालयको पहुँचमा पुर्याउन पोषाक तथा स्टेशनरीको व्यवस्थापन गरि विद्यालय सँग जोडिने छ ।

७. बालबालिकाहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न दिवसहरुमा सृजनात्मक तथा रचनात्मक कार्यक्रम सञ्चालन गरि प्रतिभा प्रस्फुटन गराउने सहयोगी कार्यक्रम सञ्चालन गरिने छ ।

८. बालदिवसको अवसरमा पालिस्तरीय कविता प्रतियोगीताको आयोजना गरि बालबालिकहरुलाई साहित्य क्षेत्रमा अग्रसर हुने अवसर प्रदान गरिने छ ।

## १३) शारिरिक तथा मानसिक अशक्त:

१. शारिरिकरुपमा अशक्त भएका, ब्यक्तिहरुको समस्या र आवश्यक्ताको पहिचान गरि व्हिल चियर, बैशाखी हेयरफोन जस्तासामाग्री उपलब्ध गराई जीवन यापनमा सहजताको सृजनागरिने छ ।

२. अपाङ्गता परिचय पत्र प्राप्त ग र घ बर्गका व्यक्तिहरुको पालिकाको सहयोगमा स्वस्थ्य बिमा गराउन सहयोग कार्यक्रम राखिने छ ।

३. यस नेचासल्यान गाउँपालिकाले प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र करुणा फाउन्डेसन नेपाल सँगको त्रिपक्षीय लागत साझेदारीमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तता दिइने छ ।

४. अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम मार्फत हरेक नवजात शिशुमा जन्मदोष परिक्षण गरी जन्मदोष पहिचान भएका शिशुहरुको स्वस्थ्योपचार, विद्यालयमा रहेका १० मुनीका बालबालिकाको स्वस्थ्य परिक्षण र व्यवस्थापन साथै रोकथामका क्रियाकलापहरु सञ्चालनमा ल्याइने छ ।

५. यस पालिका क्षेत्र रहेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरि शिक्षा, स्वस्थ्य, जिविकोपार्जन, शशक्तिकरण र सामाजिकिकरणका क्षेत्रमा आवश्यक सहयोग प्रदान गर्न समन्वय गरिने छ । यसका अतिरिक्त पहिचान भएका सबै अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्रका साथै राज्यले प्रदान गर्ने सामाजिक सुरक्षाका योजनाहरुमा पहुँच विस्तार गरिने छ।

६. शारिरिक तथा मानसीक अशक्त भएका व्यक्तिहरुलाई समाजले हेर्ने दृष्टिकोणलाई सकरात्मक बनाउने किसिमका चेतनामूलक कार्यक्रमहरु संचालनमा ल्याइने छ ।

७. पुर्वाधार निर्माण गर्दा अपाङ्गमैत्री बनाउन विशेष ध्यान दिइने छ ।

## १४) ज्येष्ठ नागरिक/सामाजिक सुरक्षा:

१. जेष्ठ नागरिक केन्द्रले निर्माण गरेको भवनलाई थप व्यवस्थित गर्दै लगिने छ ।

२. बृद्धभत्ता तथा अन्य सामाजिक सुरक्षा भत्तालाई थप सहज बनाउनबैंक तथा वित्तिय संस्थाहरुसँग सम्झौता गरी वडा कार्यालय र घरघरमै वितरणको व्यवस्थालाई निरन्तरता दिदै ७५ बर्ष माथिका जेष्ठ नागरिकहरुलाई तीर्थ यात्राको व्यवस्था गरिनेछ ।

३. जेष्ठ नागरिकहरुसँग रहेको संस्कार, ज्ञान अनुभव, क्षमता सीप तथा सामाजिक व्यवहारलाई भावी युवा पुस्तामा अन्तरक्रियाको माध्यमबाट हस्तान्तरण गर्न अन्तर पुस्ता हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ । सक्रिय बुढ्यौलीलाई बढावा दिनेकार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. दीर्घ रोग भएका बृद्धबृद्धालाई घरघरमै स्वास्थ्यजाँच तथा नेपाल सरकारले प्रदान गर्ने सबै प्रकारका औषधीहरु निःशुल्क उपलब्ध गराइने छ ।

## १५) वन वातावरण तथा विपद् व्यवस्थापनः

१. फोहोर मैलाको दिगो व्यवस्थापन, प्रदूषण नियन्त्रण, खुला क्षेत्रको पहिचान तथा संरक्षण, खोला नालाको नियमित सरसफाई, बृक्षारोपण, हरियाली प्रवर्धन गर्ने जस्ता पर्यावरणमैत्री कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२. विपद व्यवस्थापन समितिलाई सक्रिय गर्दै विपद प्रतिकार्य योजना तयार गरि विपदको अवस्थामा पालिका, प्रहरी प्रशासन, क्षेत्र एकजुट भइ विपद व्यवस्थापनका तयारी दलको व्यवस्था गरिनेछ ।

३. ठाउँ अनुसारको संभावित प्राकृतिक विपदलाई मध्यनजर गरि विपदग्रस्त ठाउँहरुमा जनताले चिन्ने गरि विभिन्न संकेत चिन्हहरु खडा गरिनेछ ।

४. विपद सम्बन्धि पुर्व सूचना दिने पुराना तथा नयाँ प्रविधि (साईरन, सिसि क्यामेर आदि) को अधिकतम प्रयोग गर्न प्रयास गरिनेछ ।

५. विपद पछि जनजीवनलाई सामान्य बनाउन तत्कालिन, मध्यकालिन र दिर्घकालिन कार्यबारे बालबालिका, महिला, ज्येष्ठ नागरिकलाई तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु संचालन गर्न पहल गरिनेछ ।

६. विभिन्न विपद्हरुको रोकथाम तथा नियन्त्रणका लागि प्रदेश, संघीय सरकारका निकाय तथा गैर-सरकारी संघ-संस्थासँग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## १६) राजश्व तथा कर प्रशासनः

१. नेचासल्यान गाउँपालिकामा रहेका व्यवसाय (होटल, पसल, उद्योग आदि) सबैलाई पालिकामा अनिवार्य सूचिकृत गरि करको दायरामा ल्याइनेछ । करको दायरा बढाउन जनचेतनामुलक र रणनैतिक कार्यक्रम सञ्चालनलाई निरन्तता दिइने छ ।

२. संघीयताको मर्म स्थानीय तह आर्थिक रुपमा आफै सम्पन्न हुनु पर्ने मान्यतालाई आत्मसात गरि पालिकाको आन्तरिक आयमा बढावा दिन जोड दिइने छ ।

३. सोलुखोला तुइन्टार लघुजलविद्युत आयोजनाबाट वितरण विद्युतको महसुल संकलन गर्ने नितीलाई पुर्ण कार्यन्वयन गरिने छ ।

४. यस गाउँपालिका भित्रका ढुंगा, गिटी, बालुवा, माटोउत्खनन तथा प्रयोगका लागि वातावरणीय प्रभाव मुल्याकंनको प्रक्रिया पुरा भएकाले उत्खननका लागि ठेक्का प्रक्रियामा लगिने छ ।

## १७) उद्योग तथा रोजगारीः

१. गाउँपालिका भित्रका वैदेशिक रोजगारीमा रहेका नागरिकहरुको बर्गिकरणयुक्त तथ्याङ संकलन गरि निम्न कार्य गर्न ठोस योजना अघि सारीने छ ।

क) वैदेशीक रोजगारीबाट फर्केका युवाहरुको ज्ञान, सिप,क्षमता तथा अनुभवमा आधारित भई सीप बैंक( skill bank) स्थापना गरि युवाको क्षमता विकास तथा रोजगारी सृजना गर्न प्रयोग गरिने छ ।

ख) वैदेशिक रोजगारीबाट प्राप्त भएको विप्रेषण (रेमिटेन्स)लाई स्थानीय स्तरमा घरेल तथा कुटीर उद्योग सञ्चालन गर्न प्रेरित गरिने छ ।

२. गाउँपालिकामा बेरोजगार उन्मुलनका लागि युवालाई कुक, प्लम्बर, वाईरिङ, कृषि लगायत रोजगारमुलक तालिम दिई रोजगारी सृजना गरिनेछ ।

३. गरिबको पहिचान गरी उनीहरुका लागि सिप विकास तथा आयमूलक तालिम कार्यक्रमको सञ्चालन मार्फत उत्पादनशिल रोजगारीको अवसर सिर्जना गरिनेछ ।

४. पालिका भित्र संचालित साना तथा ठूला परियोजनाहरुमा स्थानीयलाई रोजगारको सुनिश्चितता प्रदान गर्न सहजिकरण गरिनेछ ।

५. साना व्यवशायी तथा उद्यमीहरुलाई सहुलियत दरमा कर्जा उपलब्ध गराउन बैंक तथा वित्तिय सस्था सँग सम्झौता गरि युवा स्वरोजगारको सुनिश्चितता गरिनेछ ।

६. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वेरोजगार व्यक्तिहरुलाई निर्धारित मापदण्ड बमोजिम रोजगारी दिने कार्यलाई निरन्तरता दिइनेछ । साथै पालिका अन्तर्गत सबै वडामा बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन गरी बेरोजगार व्यक्तिको सूचीलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७. गत आर्थिक बर्षबाट नितीमा व्यवस्था गरिएको स्टार्टअप विजिनेशको रुपमा सावुन सरफ बनाउने, सिलाम साक्मा निर्माण, हेयर कटिङ, वाईरिङ, ग्याविन तारजाली बुनाइ, बाँसको सामाग्री निर्माण, कुकिङ, ड्राईभिङ, व्यूटिपार्लर तालिम दिएर उद्यमीको विकास गरि रोजगारी सृजना गराउने कार्यलाई निरन्तरता दिइने छ ।

८. पालिका क्षेत्रभित्र रहेका परम्परागत सीपहरु सिलाइ कटाई, माटोको भाडा बनाउने, छालाजुत्ता लगायतका सीपहरुलाई व्यवसायीकरण गर्न पहल गरिने छ ।

९. विभिन्न गैह्रसरकारी निकायसँगको समन्वय र सहकार्यमा नयाँ उद्यमी विकास गरिनेछ ।

१०. नेचासल्यान २ को लुकुवा हातिढुंगे क्षेत्रमा रहेको तामाखानीको अनुसन्धानका लागि खानी तथा भुगर्भवविद् सँग समन्वय गर्न पहल गरिने छ ।

## १८) खेलकूदः

१. गाउँपालिका स्तरीय खेलकुद विकास समितीलाई शसक्त बनाई खेलको सर्वाङगीण विकासमा लगाइने छ ।

२. प्रत्येक वडामा वडा स्तरीय खेलकुद समिती गठन गरि खेलकुदको विकासका लागि ठोस कार्यको थालनी गरिने छ । पालिका भित्रै कोच, रेफ्रीहरुको उत्पादन तथा बृत्ति विकास गर्न पहल गरिने छ ।

३. लोपोन्मुख अवस्थामा रहेको परम्परागत खेलहरु डण्डिवियो, कवडी, बाघचाल, चेस जस्ता खेलको संरक्षण र विकास गरिने छ ।

४. डि पि आर गरिएका खेलमैदान निर्माणको लागि पहल गरिने छ । खेल मैदान नभएका वडामा एक खेलमैदान निर्माणका लागि आवश्यक जग्गा प्राप्तिको पहल गरिने छ ।

५. कवर्ड हल निर्माणको लागि आवश्यक जग्गा प्राप्तिको कार्य थालनी गरि डिपिआर तयार गर्न आवश्यक पहल गरिने छ ।

६. आवश्यक जग्गा उपलब्ध गरि प्रस्तावना पेश भएमा शारिरिक तथा मानसीक स्वस्थ्यको लागि योग ध्यान शिविर कक्ष तथा खुल्ला व्यायमशाला स्थापना गर्न पहल गरिने छ ।

७. भलिबल खेल क्षेत्रमा युवाहरुलाई अब्बल बनाउन जिल्ला स्तरीय महिला तथा पुरुष भलिबल खेल प्रतियोगीताको आयोजना गर्न पहल गरिने छ।

८. जिल्ला तथा अन्तरपालिका स्तरीय खेलकुद प्रतियोगीतामा सहभागी बन्न जाने खेलाडी टिमको छनौट पालिकाको खेलकुद विकास समितीको सिफारिसमा गाउँपालिकाले गर्ने र छनौट भएका खेलाडी मात्रै खेलमा सहभागी हुन जाने व्यवस्थाको सुनिश्चिता गरिने छ। वडाको हकमा पनि सोही नियम लागु गरिने छ।

९. व्याटमिन्टन खेलतर्फ खेलाडीको विकासका लागि खेलको आयोजना गर्न पहल गरिने छ।

## १९) वित्त तथा सहकारी:

१. नेचासल्यान गाउँपालिकालाई आफ्नो कार्यक्षेत्र बनाई कार्यारत बिभिन्न बित्तिय संस्थालाई गाउँपालिकामा अनिवार्य दर्ताको व्यवस्थालाई कडाईका साथ लागु गरिने छ। वित्तिय सस्था तथा सहकारीले नागरिकलाई विना प्रावधान र ठगी गरेको पाइएमा कडा कारबाही गरिने छ।

२. सहकारी संस्थाहरुलाई उद्धेश्यानुसारको कार्यमा सक्रिय गराई आय आर्जन, सामाजिक विकास, चेतनामूलक कार्यक्रम संचालनमा सहकार्य गरीनेछ।

## २०) धर्म संस्कृति:

१. हाम्रो जिवन्त रहेको मौलिक सस्कार संस्कृति सेग्रो, मारुनी नाच, बालन, सगिनी, शेब्रु, पन्चेबाजा, फेरी लगाउने आदिको संरक्षण तथा प्रबर्धनमा जोड दिइने छ।

२. निर्माणधिन अवस्थामा रहेका मठ मन्दिर, गुम्बा तथा धार्मिकस्थलहरुको भौतिक पूर्वाधारलाई पुर्णता दिन तथा मर्मत सम्भार एवं आवश्यक जिर्णोद्धार गरिने कार्यलाई निरन्तरता दिईने छ।

३. सबै धर्म संस्कृति र संस्कारको जगेर्ना गर्न स्थानीय सरकारले विशेष भूमिका निर्वाहा गर्दै पहल गर्ने छ।

## २१) न्याय निरुपण:

१. न्याय निरुपण स्थानीय तहमै गर्ने भन्ने संघीयताको परिकल्पना अनुरुप टोलटोल र वस्तीमा पुगेरै न्याय सम्पादन गर्ने कार्यलाई निरन्तरता दिइने छ।

२. न्यायीक समिती अन्तर्गतका मेलमिलापक कर्ताहरुको क्षमता अभिबृद्धिमा थप गरी टोलटोलमै न्याय निरुपण गर्ने कार्यलाई निरन्तता दिइने छ ।

३. टोल तथा वडामै मेलमिलापको माध्यमबाट न्याय निरुपण गर्दा मेलमिलाप कर्ताहरुलाई प्रति निवेदन प्रोत्साहान रकम प्रदान गरिने छ।

४. न्यायीक समितीले प्रक्रियागत रुपमा निर्णय गरि आदेश गरेको निवेदनको कार्यान्वयन अनिवार्य गर्नु पर्ने छ भने कार्यान्वयन नगरेको खण्डमा गाउँपालिकाबाट प्रदान गर्ने सेवा सुविधामा रोक लगाउन सक्ने छ।

आदरणीय सभाध्यक्षज्यू,

आर्थिक बर्ष २०८१/०८२को बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर सरकारी वित्त व्यवस्थापन ऐनगाउँपालिकाका योजना तर्जुमा सम्बन्धी मार्गदर्शन र

यस गाउँपालिकाका बजेटका क्षेत्र तथा सीमाले निर्दिष्ट गरेका योजना तर्जुमा प्रकृयालाई आधार मानिएको छ । संघीय सरकार र प्रदेश सरकारद्वारा प्रस्तुत नीति कार्यक्रम तथा बजेट र जनप्रतिनिधिहरुको छलफल तथा विभिन्न चरणमा पेश गरेका निवेदनहरु साथै पालिकाले आयोजना गरेको सुझाव संकलन, गाउँसभा सदस्यहरुले स्थानीयहरुसँग संकलन गर्नु भएका मागहरुलाई समेत समावेश गरिएको छ । अघिल्लो आ.व.मा सञ्चालन तथा सम्पन्न हुन नसकेका आयोजनाहरु समेत समेटिएका छन । सभामा प्रस्तुत गाउँपालिकाको नीति तथा कार्यक्रमलाई सफल र प्रभावकारी रूपमा  कार्यान्वयन गर्न विनियोजन ऐन तथा आर्थिक ऐनलाई सम्मानित सभाबाट स्वीकृत गर्न प्रस्ताव गरेका छौं।

यस निती तथा कार्यक्रमको सफल एवं प्रभावकारी कार्यान्वयनका लागि सम्वद्ध सबै पक्षबाट सदाझैं निरन्तर सहयोगको अपेक्षा गर्दै वार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमा कार्यमा सक्रिय एवम् रचनात्मक सल्लाह सुझाव दिएकर सहयोग पुऱ्याउनु हुने सम्पूर्ण गाउँपालिका वासीहरूप्रति आभार व्यक्त गर्न चाहन्छौं  । साथै बजेट, नीति तथा कार्यक्रम वाचन गरिरहेको क्षणमा यस गरिमामय सभामा उपस्थित सबै विशिष्ट महानुभाव हरूलाई हामी हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । धन्यवाद ‼ नमस्कार

मिति २०८१ असाढ १० गते........................................................................................ ।